# मंगलसेन नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### मंगलसेन, अछाम
सुदूरपश्चिम प्रदेश, नेपाल

☎०९७-६२०१३८
☎०९७-६२०१६५
Email: mmunicipalityachham@gmail.com
web: www.mangalsenmun.gov.np


मंगलसेन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मंगलसेन, अछाम
सुदूरपश्चिम प्रदेश, नेपाल

पत्र संख्या: २०८२/०८३
चलानी नं. १००६

मिति: २०८२/१२/१
ने.स. ११४६ चिल्लागा, आइतवार

श्री वडा कार्यालय (सबै)
मंगलसेन नगरपालिका, अछाम

**विषय: रोजगारीमा संलग्न हुन चाहने व्यक्तिहरुले रोजगार सेवा केन्द्रमा सूचिकृत हुन आवेदन दिने सम्बन्धी सूचना।**

प्रस्तुत विषयमा रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा ११ को उपदफा (१), रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ को नियम ७ को उपनियम (१) र राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम (संचालन तथा व्यवस्थापन) निर्देशिका, २०८२ को दफा १७ बमोजिम बेरोजगार व्यक्तिहरुले न्यूनतम रोजगारीका लागि आवेदन दिई रोजगार सेवा केन्द्रमा सूचिकृत हुने व्यवस्था भए अनुसार यस मङ्गलसेन नगरपालिकामा आगामी आ.व. २०८३/०८४ मा न्यूनतम रोजगारीमा संलग्न हुन तथा सीप विकास कार्यक्रममा संलग्न हुन ईच्छुक १८ देखि ५९ वर्ष उमेर समुहका बरोजगार व्यक्तिहरुले आफु स्थायी बसोबास गरेको सम्वन्धित वडा कार्यालयमा गई तपशिल बमोजिमका आवश्यक कागजातहरु सहित मिति २०८२ चैत्र १ गते देखि चैत्र मसान्त सम्म तोकिएको ढाँचामा निवेदन दिन हुन सम्वन्धित सबैको लागि जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

***आवश्यक कागजातहरु***

१. उपलब्ध गराइएको फारममा सबै विवरण उल्लेख भएको आवेदन,
२. परिवारमा रहेको व्यक्तिहरुको नागरिकता प्रमाण पत्र वा जन्मदर्ता प्रमाण पत्रको प्रतिलिपी १ प्रति
३. निवेदकले कुनै सीपमूलक तालिम लिएको भए सो को प्रतिलिपी १ प्रति
४. निवेदकको हालसालै खिचेको पासपोर्ट साईजको फोटो १ प्रति
५. परिवारमा अपाङ्गता भएका व्यक्ति भए निजको अपाङ्गता परिचयपत्रको प्रतिलिपि
६. निवेदकको वार्षिक पारिवारिक आम्दानी ।

२०८२/१२/१

.....................
खकेन्द्र बहादुर सोडारी
प्रमुख प्रशासकीय अधिकृत

खकेन्द्र बहादुर सोडारी
प्रमुख प्रशासकीय अधिकृत

नोट: क) आवेदन फारम सम्वन्धित वडा कार्यालय बाट उपलब्ध हुनेछ।
ख) आवेदन फारममा उल्लेखित भने बमोजिम विवरण भर्नुपर्नेछ। अपूर्ण विवरण भए मान्य हुने छैन
थप जानककरीको लागि सम्पर्क नं. ९८४८५००५३०/९८२२११६९१०




CamScanner

नेपाल सरकार

# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

(रोजगारी कार्यक्रम व्यवस्थापन शाखा)

पत्र संख्या:- ०८२/८३
चलानी नं.:- ८६

सिंहदरबार, काठमाडौं
नेपाल ।

मितिः- २०८२/११/१४
ने.सं. ११४६, चिल्लाथ्व, दशमी, बिहिवार

श्री सम्पूर्ण स्थानीय तहहरू,
(७५३ वटै)।

**विषयः बेरोजगार सूचीकरणको म्याद थप तथा निवेदनको ढाँचा कार्यान्वयन सम्बन्धमा।**

नेपालको संविधानले मौलिक हकको रूपमा प्रत्याभूत गरेको रोजगारीको हक कार्यान्बयन गर्न जारी भएको रोजगारीको हक सम्बन्धी ऐन, २०७५ र सो सम्बन्धी नियमावली, २०७५ को व्यवस्था बमोजिम साविकमा प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि स्वीकृत निवेदनको ढाँचा अनुरूप बेरोजगार दर्ता तथा सूचीकरणको कार्य हुँदै आएकोमा, हाल साविकको निर्देशिका खारेज भई *"राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०८२"* स्वीकृत भई कार्यान्वयनमा रहेको विदितै छ।

सोही सन्दर्भमा, माननीय मन्त्रीस्तरको मिति २०८२/११/१४ को निर्णयानुसार उक्त निर्देशिकाको दफा १५ र १७ को प्रयोजनका लागि बेरोजगार दर्ताका लागि दिने निवेदनको विस्तृत ढाँचा स्वीकृत र रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ को नियम ७ बमोजिम बेरोजगार दर्ताका लागि तोकिएको फागुन महिनाको समयसीमालाई आसन्न निर्वाचनको विशेष परिस्थितिका कारण, संघीय सरकारको न्यूनतम रोजगारी कार्यक्रमका लागि मात्र लागू हुने गरी चैत्र मसान्तसम्म समय थप गर्ने निर्णय भएको व्यहोरा अनुरोध छ ।

नेपालको संविधानको अनुसूची-८ बमोजिम बेरोजगारको तथ्याङ्क सङ्कलन गर्ने कार्य स्थानीय तहको एकल अधिकार सूचीमा रहेको मर्मअनुरूप, संघीय सरकारद्वारा सञ्चालित न्यूनतम रोजगारीका लागि मन्त्रालयबाट स्वीकृत यस संलग्न ढाँचाका अतिरिक्त स्थानीय तहले आफ्नो आवश्यकता र औचित्यका आधारमा अन्य विवरणसमेत थप गरी तथ्याङ्क सङ्कलन गर्न सक्ने व्यहोरा स्मरण गराउँदै यसै पत्रसाथ संलग्न स्वीकृत ढाँचा प्रयोग गरी बेरोजगार दर्ता सूचीकरणको कार्यलाई अगाडि बढाउनुहुन मा.मन्त्रीस्तरको निर्णयानुसार अनुरोध छ ।

**बोधार्थ तथा कार्यार्थः**

श्री सूचना प्रविधि तथा तथ्याङ्क शाखा, : संलग्न स्वीकृत बेरोजगार दर्ता निवेदनको ढाँचा मन्त्रालयको वेबसाइटमा अपलोड गरिदिनुहुन।

श्री रोजगार सेवा केन्द्र, (७५३ वटै)

२०८२/११/१४

.................................
(कुशल वराल)
शाखा अधिकृत